# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या १५ २०७७ पौष ५ गते बिक्री मुल्य रू. ०।००

## भाग ३

स्थानीय सरकार

**विदुर नगरपालिका**

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।०९।०३*

# विदुर अल्पकालिन सेवा केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

# विदुर नगरपालिका
# अल्पकालिन सेवा केन्द्र संचालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७

## प्रस्तावना

लैंगिक हिंसा सामाजिक चिन्ताको विषय बनिरहेको छ । लैंगिक हिंसाबाट प्राय : महिला नै प्रभावित हुने गरेका छन् । कतिपय प्रभावित महिला एक्कासी घरबाट निकालिने गरेको र कही कतैबाट गाँस बास नपाएर झन् जोखिममा पर्नुपरेको अवस्था पनि छ । महिला हिंसाविरुद्ध शुन्य सहनशीलता हुनुपर्दछ । महिला स्वयम्ले परिवारका सदस्यजनले अनि समुदायका सबैले अन्यायको प्रतिकार गर्नुपर्दछ । सँगसँगै प्रभावित महिलालाई तत्काल संरक्षण गर्ने ,न्याय दिलाउने र उनकै पक्षमा पारिवारिक मेलमिलाप कायम गराउने तर्फ पनि त्यतिकै ध्यान दिनुपर्ने भएको छ ।

घरेलु हिंसा (कसुर र सजाय ऐन) तथा सो को नियमावली २०६७ र नेपालको संविधान २०७२ ले गरेको व्यवस्था अनुसार विदुर नगरपालिकाले यस भित्रको कार्यक्षेत्रमा आपतकालिन अवस्थामा सम्प्रेशण भई आएका लैंगिक हिंसाबाट पीडित महिलाहरुलाई तत्काल अल्पकालिन सेवा र सुविधा पुर्‍याउनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि विदुर नगरसभाले अल्पकालिन सेवा केन्द्र संचालनको लागी **"विदुर अल्पकालिन सेवा केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड "** ,२०७७ जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** (१) यी नियमहरूको नाम **"विदुर अल्पकालिन सेवा केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७"** रहेकोछ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात लागु हुनेछ ।

२. **परिभाषा**

क) "नगरपालिका " भन्नाले विदुर नगरपालिका सम्झनु पर्दछ ।

ख) " कार्यपालिका " भन्नाले यस नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) " प्रमुख प्रशासकिय अधिकृत" भन्नाले यस नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

घ) "घरेलु हिंसा भन्नाले" कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक,मानसिक,यौनजन्य वा आर्थिक यातना सम्झनु पर्दछ ।

ङ)	"लैंगिक हिंसा भन्नाले" सार्वजनिक वा निजि जीवनमा लिंगको आधारमा कसै प्रति शारीरकि, यौन जन्य वा मानसिक क्षति वा पिडा जन्य धम्कीपूर्ण व्यवहार दबाब करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट बञ्चित गर्ने कुनै कार्य समेतलाई जनाउँछ ।

च)	"समन्वय समिति भन्नाले"विदुर अल्पकालिन सेवा केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७" को दफा १२ वमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

छ)	"स्थानिय तह भन्नाले" विदुर नगरपालिका सम्झनु पर्ने छ ।

ज)	"अल्पकालीन सेवा केन्द्र भन्नाले" घरेलु लैंगिक हिंसा महिला सेवा केन्द्र सम्झनु पर्छ ।

**३.	उद्देश्य**

विदुर नगरपालिकाको अर्न्तगत न्यायिक समिति सहकारी संस्था, महिला समुह अर्न्तगत निगरानी समुहको समन्वयमा निरोधात्मक सामाजिक जागरण ल्याउनुका साथै अधिकारवादी सोच बाट प्रभावित महिलाका लागि छिमेकी सहयोग एवं समुदायमा नै यथाशक्य उपचारात्मक सेवाहरु सुलभ गराएर न्याय दिन अल्पकालीन सेवा केन्द्र स्थापना र संचालन गर्नु प्रमुख उद्देश्य रहने छ ।

**४.	.कार्यक्षेत्र**

सुरक्षित अल्पकालीन सेवा केन्द्रको कार्यक्षेत्र हालको विदर नगरपालिका भित्र कार्यक्षेत्र हुनेछ ।

## परिच्छेद २
## अत्पकालिन सेवा केन्द्र संचालन सम्वन्धी व्यवस्था

**५	अल्पकालिन सेवा केन्द्रको प्रमुख कार्य** : अल्पकालिन सेवा केन्दको प्रमुख कार्य एवं जिम्मेवारी देहाय वमोजिम हुनेछ ।

(क)	निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाका लागि स्वीकृत मापदण्ड मुताबिकको बस्ने खाने व्यवस्था भएको सुरक्षित अल्पकालीन आश्रय सञ्चालन गर्ने ।

(ख)	खण्ड -क) बमोजिम आरक्षित महिलाले निजको अवस्था अनुसार स्थानीय स्तरमा नै प्राप्त गर्ने गरी निम्नलिखित सेवाहरु प्रदान गर्ने ।

(१) लागेको चोटपटको औषधी उपचार ।

(२) मनोसमाजिक विमर्श ।

(३) न्यायमा पहुँच दिलाउन आवश्यक कानुन परामर्श एवं सेवा ।

(४) कानुन कार्यान्वयन गर्ने निकायहरु सँग सम्पर्क सेवा

(५) समन्वय समितिले तोकेका अन्य सेवा ।

(ग) गम्भीर प्रकृतिको घटना भएको वा पारिवारिक मेलमिलापको पहल व्यर्थ भएको खण्डमा प्रभावित महिलालाई तत्काल संरक्षणमा लिएर आवश्यकता अनुसार खण्ड (ख) बमोजिमका सेवा प्रदान गर्ने ।

(घ) सुरक्षित आश्रय आवश्यक नपर्ने तर खण्ड (ख) मा उल्लेखित सेवा आवश्यक परी निर्धारित प्रक्रियाबाट सम्प्रेषित प्रभावित महिलाको हकमा पनि आवश्यक सेवा दिने ।

(ङ) सेवा प्राप्त प्रभावित महिलालाई हकभोग,पारिवारिक पुनर्मिलन,वैकल्पिक पुर्नःस्थापनाका लागि सप्रेषकलाई समन्वय गरी फिर्ता गर्ने ।

(च) स्थानिय स्वास्थ्य केन्द्रमा उपचार हुन नसक्ने चोटपटक भएमा ,जटिल मनोसमाजिक समस्या भै थप मनोसमाजिक विमर्श आवश्यक परेमा वा कानुनी उपचार चाहेमा सम्बन्धित ठाउँमा पठाउने ।

(छ) फिर्ता सम्प्रेषित प्रभावित महिलाको अवस्थाअनुसार हक भोग ,पारिवारिक पुनर्मिलन तथा घटनाको पुनरावृत्ति नहोस् भनी अनुशरण लगायतमा यथाशक्य सहजीकरण सम्बन्धित स्थानिय तहले गर्ने ।

(ज) स्थानिय तहका निगरानी समुह ,समिति ,संस्था अन्य संघसस्था ,निरन्तर सम्पर्क समन्वय गर्ने ।

(झ) विभिन्न सेवामा प्रभावित महिलाको पहुँच स्थापना गर्न स्थानीय सेवा प्रदायक माझ अधिवाचन एवं सञ्जालीकरण गर्ने ।

(ञ) सेवाकेन्द्रको मासिक,चौमासिक र वार्षिक भौतिक एवं वित्तिय प्रगति प्रतिवेदन तयार गरी विदुर नगरपालिका महिला तथा बालबालिका शाखामा पेश गर्ने ।

(ट) लैंगिक हिंसाको रोकथामका लागि घटना घटेको अवस्थामा छिमेकीका नाताले प्रभावित महिलाको पक्षमा पारिवारिक मेलमिलाप कायम गराउन पहल गर्ने ।

(ठ) प्रचलित कानुन बमोजिम न्याय प्राप्त गर्ने सिलसिलामा तत्काल गर्नुपर्ने कार्य ,सुरक्षित राख्नुपर्ने प्रमाण र उपचारका बारे प्रभावित महिलालाई परामर्श दिनुका साथै आवश्यकताअनुसारको कार्य न्यायिक समितिबाट गर्ने ।

(ड) सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई समन्वय समितिले तोकेको अन्य कार्य गर्ने ।

(ढ) पारिवारिक पुनर्मिलनको प्रयत्न फलदायी नभएको तथा गरिखाने आधार केही पनि नभएको प्रभावित महिलाका हकमा जीविकोपार्जन अनुदान को रुपमा आर्थिक सहायता दिन कोषको व्यवस्थाको लागि सम्बन्धित स्थानीय तह समन्वय समितिले प्रक्रियामा लाने ।

(ण) सेवा केन्द्रको उद्देश्य प्राप्ति तथा सोको सिलसिलामा आवश्यक भई नगरपालिका समन्वय समितिले ताकेको अन्य कार्य गर्ने ।

**६. अल्पकालिन सेवा केन्द्र संचालन मापदण्ड :**

(क) सेवा केन्द्रले अनाथ,असहाय हिंसा प्रभावित तथा जोखिममा परेका महिला तथा बालबालिकाहरुको लागि कपडा, खाद्यान्न, मनोसमाजिक विमर्श लगायतको सहयोग उपलब्ध गराई सुरक्षित अल्पकालिन आश्रय सहितको सेवा केन्द्रमा संरक्षण सम्बर्द्धन गर्नुपर्ने छ ।

(ख). सुरक्षित अल्पकालीन आश्रयसहितको सेवा केन्द्र सञ्चालनका लागि सोसँग सम्बन्धित आवश्यक क्रियाकलापको विस्तृत विवरण विदुर नगरपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(ग) सुरक्षित अल्पकालीन आश्रयसहितको सेवा केन्द्रमा लैंगिक हिंसा प्रभावितलाई सेवा दिन वा आश्रय दिनको लागि  विदुर नगरपालिकासँग स्वीकृत लिई तोकिएको आदेश अनुसार राख्ने र आवश्यक क्रियाकलापको विस्तृत विवरण पेश गर्ने ।

(घ) सुरक्षित अल्पकालीन आश्रयसहितको सेवा केन्द्र सञ्चालनमा आएको प्रभावितको विवरण तुरुन्त विदुर नगरपालिकालाई जानकारी दिनु पर्ने छ ।

(ङ) विदुर नगरपालिकाको १३ वटा वडा भन्दा बाहीरको प्रभावितलाई सेवा दिनु पर्दा वा सेवाकेन्द्रमा आश्रय दिनुपर्ने भएमा विदुर नगरपालिकाको समन्वय समितिबाट स्वीकृती लिएर मात्र राख्नु पर्ने । र सम्बन्धित जिल्लाकै स्थानीय निकायमा सम्प्रेशणको लागि प्रक्रियामा लानु पर्ने छ ।

(च) विदुर नगरपालिकाले आवश्यकता अनुसार नियमित अनुगमन गर्न सक्नेछ र मासिक रुपमा कार्य विवरण लिनुपर्ने छ ।

(छ) कार्यक्रम सम्पन्न पश्चात कार्य सम्पन्न प्रतिवेदन ,विल भर्पाई सम्बन्धित स्थानीय तह समक्ष पेश गर्नुपर्ने छ ।

(ज) रकम भुक्तानी माग गर्दा सम्बन्धित महिला शाखाको सिफारिस पेश गर्नुपर्ने छ ।

(झ) विदुर नगरपालिकाबाट उचित बिल भर्पाईको आधारमा आवस्यक रकम उपलब्ध गराउने छ ।

**७. अल्पकालिन सेवा केन्द्रमा सेवा लिने प्रकृया :** (१) विदुर नगरपालिकामा संचालित अल्पकालिन सेवा केन्द्रमा सेवा लिन देहाय वमोजिमको आवस्यक प्रक्रिया पुरा गर्नु पर्नेछ ।

(क) पीडित महिलाको मौखिक वा लिखित निवेदन लिने ।

(ख) सेवा केन्द्रको कार्यक्षेत्र भित्रका महिला संस्था वा सो अर्न्तगतको समितिको तर्फबाट सिफारिस भई आएमा ।

(ग) खण्ड (ख) मा उल्लेखित समिति ,संस्था नभएको कार्यक्षेत्रको हकमा केन्द्रसंग समन्वय कार्य गरेको सामुदायिक सस्था तर्फबाट सिफारिस भई आएमा ।

(घ) विभिन्न सरकारी तथा गैरसरकारी सेवा प्रदायकको तर्फबाट गरीएको सिफारिस ।

(ङ) कार्यक्षेत्रबाहिरका प्रभावित महिलाको हकमा नगरपालिका समन्वय समिति को विशेष निर्णयको आधारमा महिला तथा बालबालिका तथा सामाजिक शाखाको तर्फबाट गरिएको निर्णय वमोजिम सिफारिस गरीए वमोजिम ।

(२) सम्प्रेषकको तर्फबाट अल्पकालिन सेवा केन्द्रमा सिफारिस गर्दा कुन कुन सेवाका लागि हो स्पष्ट खुलाउनु पर्नेछ । साथै प्रभावित महिला सँगै बालबालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्दछ ।

८ **अल्पकालिन सेवा केन्द्र उपयोग गर्ने अवधि** : (१) प्रभावित महिलाका लागि हकमा सेवा केन्द्र अर्न्तगतका ३० दिनसम्म र विशेष अवस्था परेमा नगरपालिका अर्न्तगतको समन्वय समितिले विशेष निर्णय गरेकोमा थप १५ दिन गरी जम्मा ४५ दिन सुरक्षित अल्पकालीन आश्रयमा राख्न सकिनेछ ।

(२) सेवा केन्द्र अर्न्तगतको सुरक्षित अल्पकालीन आश्रयमा प्रभावित महिलालाई माथि उल्लिखित अवधिसम्म एकैपल्ट वा पटक पटक गरेर पनि राख्ने सकिनेछ ।

(३) सेवा लिन प्रभावित महिलाको साथी आएका व्यक्ति महिला नै भएको खण्डमा निजलाई पनि एकैपल्ट वा पटक पटक गरेर ७ दिनसम्म सेवा केन्द्र अर्न्तगतको सुरक्षित अल्पकालीन आश्रयमा बस्ने अनुमति दिन सकिनेछ ।

९. **अल्पकालीन सेवा केन्द्रको लक्षित वर्ग** : अल्पकालिन सेवा केन्द्रको लक्षित वर्ग देहाय वमोजिम हुनेछ -

(क) घरेलु हिंसा पिडित तथा पीडित सँग आश्रित नाबालकहरु ।

(ख) लैंगिक हिंसा पीडित तथा पीडित सँग आश्रित नाबालकहरु ।

**१०. अल्पकालिन सेवा केन्द्र संचालिन आवास गृह सम्वन्धी मापदण्ड** : अल्पकालिन सेवा केन्द्र संचालित आवास गृह सम्वन्धी व्यवस्था देहाय वमोजिम हुनेछ ।

**(क) परिसर** : (१) आवास गृह परिसर चारैतिर बाट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको ,हाताभित्र गृहअनुसारको खुल्ला ठाउँ रहेको र आवागमन नियन्त्रण गर्न सक्ने गरी बलियो प्रवेशद्धार भएको तथा सुरक्षाको दृष्टिकोणले उपयुक्त स्थान हुनु पर्नेछ ।

**(ख) आवास गृह :** आवास गृहमा दुवै तर्फ झ्याल राखिएका हावा खेल्न कोठाहरु, मनोसमाजिक विमर्शका लागि छुट्टै कक्ष रहेको, शौचालय तथा स्नान कक्ष, पानी, नुवाइ धुवाई सरसफाईका लागि सामग्री भाँडाकुडाँ कुचो, फोहोर संकलन टोकरी ,लुगा ,डोरी ईत्यादिको व्यवस्था हुनु पर्नेछ ।

**(ग) लुगाफाटो** : अल्पकालिन सेवा केन्द्रमा भर्ना भएका प्रत्येक व्यक्तिका लागि आवस्यकतानुसार दरी ,कम्मल ,डसना ,सिरक ,दोलाई ,झुल , खोल चाहिनेमा खोलसमेत एक एक थान ओड्ने ओछ्याउने लुगा नभएकालाई एकसरो लगाउने लुगा आदीको व्यवस्था हुनु पर्दछ ।

**(घ) खानेकुरा** : (१) अल्पकालिन सेवा केन्द्रमा भर्ना भएका प्रत्येक व्यक्तिका लागि दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिलै तोकेबमोजिम केन्द्रभित्र वा बाहिरको भोजनालयबाट व्यवस्था गर्न सक्ने छ ।

(२) खण्ड (घ) १ वमोजिम दैनिक खानेकुराको व्यवस्था गर्दा बिहानै चियासँग हल्का खाजा ,दिउँसो खाना, खाजा सहित बेलुकी खाना,बालबालिकाको हकमा उमेर अनुसार आवश्यक खानाको व्यवस्था गर्नु पर्नेछ ।

**(ङ) स्वास्थ्योपचार** : अल्पकालिन सेवा केन्द्रमा भर्ना भएका प्रत्येक व्यक्तिका लागि स्थानीय तह समन्वय समितिले तोकेको अस्पताल वा स्वास्थ्य चौकीमा स्वास्थ्योपचार गराउनु पर्दछ । स्वास्थ्योपचार गर्दा वा गराउदा प्राथमिक उपचार, समस्या हैरी नियमित उपचार, आकस्मिक उपचार, बालबालिकाका हकमा उमेर अनुसार लगाउनुपर्ने खोप आदीको सुनिस्चित हुने गरी स्वास्थ्यपचारको व्यवस्था गर्नु पर्नेछ ।

**(च) मनोसमाजिक विमर्श** :स्थानीय तह समन्वय समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शकबाट देहायबमोजिम मनोसमाजिक विर्मश सेवा प्रदान गर्नु पर्दछ :

(१ं सुरक्षित व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा ,

(२) सुरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र

(३) सेवाग्राहीको व्यत्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था ।

**(छ) कानुनी सेवा :**

अल्पकालिन सेवा केन्द्रमा संरक्षणमा रहेका प्रत्येक व्यक्तिका लागि आवस्यकतानुसार देहायमा उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

(१) प्रभावित महिलाले न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारा ।

(२) प्रभावित महिलाले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ सेवा ।

**(ज) सञ्चालन**

अल्पकालिन सेवा केन्द्रमा संरक्षित प्रभावित महिलालाई ममतामय सहानुभुतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसहिंता पालन गर्ने गराउने वातावरण निर्माण गर्नु पर्नेछ ।

**(झ) आचारसहिंता :** अल्पकालिन सेवा केन्द्रमा देहाय वमोजिम आचार संहिता पालना गर्ने गराउने व्यवस्थ ागर्नु पर्नेछ ।

(१) प्रभावित महिलाको पहिचानको गोप्यता राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध ,

(२) आवास गृहमा भेटघाट कक्ष भन्दा उता बस्ने अनुमति प्राप्त अनि चिकित्सक ,अत्यावश्यक व्यक्ति बाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही ।

(३) सञ्चालक समितिले तोके बमोजिम खोल्ने गरी आवास गृहमा उजुरी पेटिकाको व्यवस्था गर्ने ।

(४) अल्पकालीन सेवा केन्द्रमा सेवा लिने पीडितको गोपनियता कायम राख्ने ।

**(ञ) जनशक्ति** : अल्पकालिन सेवा केन्द्रमा देहाय वमोजिम जनशक्ती रहनेछ ।

(१) केन्द्र प्रमुख वा शाखा प्रमुख = १ जना

(२) चौकिदार = १ जना

(३) भान्छे(सरसफाइकर्ता) = १ जना

(४) अन्य जनशक्ति आवश्यकतानुसार समन्वय समितिले निर्णय गरी व्यवस्था गर्न सक्नेछ । मनोसमाजिक विमर्शक र कानुनी सल्लाहकार भनेका बेला उपलब्ध हुने गरी सम्पर्कमा रहने व्यवस्था गर्नु पर्नेछ ।

**(ट) अभिलेख** : अल्पकालिन सेवा केन्द्रले देहाय बमोजिम अभिलेख राख्नुपर्दछ ।

(१) प्रभावित महिलाको नाम दर्ता किताब

(२) संरक्षित व्यक्तिको दैनिक हाजिरी किताब

(३) प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल

(४) दोहारो लेखा प्रणालिमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सौकौ पुष्टि गर्ने कागजात

(५ निर्देशन समितिको निर्णय किताब

(६) स्वास्थ्योपचार,मनोसमाजिक विमर्श,कानुनी सेवाको विवरण खुल्नै सेवापिच्छे लगत र प्रगति प्रतिवेदन ,अनुसरण रेर्कड ।

(७) समन्वय समितिले तोकेको अन्य अभिलेख ।

**११.खर्च सम्वन्धी व्यवस्था :** अल्पकालिन सेवा केन्द्रबाट सेवा प्रदान गर्दा देहायको प्रयोजनमा देहाय बमोजिमको सीमाभित्र रहेर खर्च गर्नुपर्दछ ।

क) सेवा केन्द्रका साथै सुरक्षित अल्पकालीन आश्रयका लागि लिइने घरको भाडाबापत साधारणतया समन्वय समितिले घर हेरी स्वीकृत गरेका रकम ,

ख) मालसमान डस्ना ,पर्दा ,खाट ,विस्तरा ,भाँडाकुडा ,टेलिभिजन ,खातापाता लगायतका स्थापनाका लागि आवश्यक पर्ने मालसमान मध्ये हाल फेर्नु पर्ने वा थप गर्नुपर्ने भए शैया क्षमता समेतको विचार गरी साधारणयता रु. ५०,००० हजार ननाघ्ने गरी समन्वय समिति ले औचित्यका आधारमा स्वीकृत गरेको रकम,

**ग) औषधिपचार :** समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा (बिरामी तथा कुरुवासमेत जोडेर) निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधि खर्चबापत जम्मा रु. २००० सम्म,

- अस्पतालमै भर्ना भई उपचार गराउँदा पुर्‍याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा,परीक्षण तथा औषधी खर्चका अतिरित्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एक जना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.३०० गरी जम्मा रु.६५०० सम्म,

- विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु. ४००० सम्म,

(घ).**कानुनी उपचार** : एक जना साथी समेत कानुनी निकाय तथा सिफारिसमा अड्डा अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा ,कानुनी दै– दस्तुर र सेवा बापत ( साथी समेत जोडेर ) निम्नानुसारको सीमा ननाघ्ने गरी समन्वय समितिले आवश्यकता महशुस गरेको खण्डमा लागेको यथार्थ खर्च गर्न सक्नेछ ।

(१) सामान्य अवस्थामा प्रतिव्यक्ति रु.२५०० सम्म ।

(२) विशेष अवस्थामा समन्वय समितिले विशेष निर्णय गरेकोमा थप रु.२५०० सम्म,

**(ङ) फुटकर** : अल्पकालीन आश्रयमा रहेको दिनजति प्रभावित महिलालाई मात्र फुटकर खर्चबापत प्रतिव्यक्ति दैनिक रु.१५,

**(च) फिर्ता सम्प्रेषण** : फिर्ता सम्प्रेषण गर्दा साथी समेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु १०० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु.३००,

**(छ) खानेकुरा** : अल्पकालीन आश्रयमा रहेको अवधिभर प्रभावित महिला दैनिक रु.३०० ,

**(ज) मनोसमाजिक विमर्श** : प्रभावित महिलालाई आवश्यक मनोसमाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु.१००० सम्म तर नगरपालिकामा नै कार्यरत रहेको मनोसमाजिककर्ता भएमा तलब पाएको भए दिनु नपर्ने गरी व्यवस्था गर्नु पर्नेछ ।

**(झ) लुगाफाटो** : प्रभावित महिलाको कपडा च्यातिएर ,रगताम्मे भएर वा एकसारो मात्र भएर अवस्था भएकोमा न्युनतम रुपमा नभइकनहुने अत्यावश्यक लुगाफाटो किन्न प्रतिव्यक्ति रु.१५०० सम्म,

**(ञ) बैठक खर्च** : समन्वय समतिको बैठक सञ्चालन खर्चबापत अधिकतम रु.३६००० । सम्म खर्च हुने गरी कार्य गर्न सकिनेछ ।

## परिच्छेद ३
## समन्वय समिति गठन सम्वन्धी व्यवस्था

**१२ समन्वय समितिको गठन :** (१) अल्पकालिने सेवा केन्द संचालन तथा व्यवस्थापन सम्वन्धी आवस्यक निति तय गर्न, आवस्यक निर्णय गर्न कार्य संचालन गर्न गराउन देहाय वमोजिम एक समन्वय समिति गठन हुनेछ ।

- संयोजक : नगर प्रमुख
- सदस्य : नगर उपप्रमुख
- सदस्य : प्रमुख प्रशासकीय अधिकृत
- सदस्य : कार्यपालिका सदस्य - (प्रमुख द्बरा मनोनित)
- सदस्य : जिल्ला प्रहरी प्रमुख/प्रतिनिधि
- सदस्यः नगरपालिका स्वास्थ्य शाखा प्रमुख /प्रतिनिधि
- सदस्य :नगरपालिका कानुन अधिकृत (अधिबक्ता)
- सदस्य : नगरपालिका शिक्षा शाखा प्रमुख /प्रतिनिधि
- सदस्यः सामाजिक विकास समिति संयोजक
- सदस्य : गै स.स. महिला अधिकारकर्मि /प्रतिनिधि
- सदस्यः सचिव, सम्बन्धीत शाखा प्रमुख/प्रतिनिधि

(२) उपदफा १ वमोजिम गठित समितिको वैठक आवस्यकता वमोजिम वस्न सक्नेछ । वैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(३) समन्वय समितिको वैठकमा आवस्यकतानुसार सम्वन्धी क्षेत्रका विशेषज्ञ एवं कानुनी सल्लाहकार (कानुन विज्ञ) समेतलाई आमन्त्रित गर्न सकिनेछ ।

## परिच्छेद ४
## विविध

**१३. समन्वय समितिको निर्णय अन्तिम हुने :** अल्पकालिन सेवा केन्द्रमा सेवा प्रदान गर्ने विषयमा कुनै द्बिविधा तथा विवाद उत्पन्न भएमा समन्वय समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

**१४.थपघट वा हेरफेर गर्न सक्नेः** यो मापदण्डको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकतानुसार थपघट, हेरफेर र संशोधन गर्न सक्नेछन् ।

**१५.वाधा अडकाउ फुकाउने अधिकार :**

(१) यस मापदण्ड कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

(२) यस मापदण्डमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम र नलेखिएकोमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

१६. **खारेजी र वचाउ :**यो मापदण्ड लागु हुनु अघि प्रचलित कानुन वमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि वमोजिम भए गरेको मानिने छ ।

प्रमाणीकरण मिति : २०७७/०९/०५

आज्ञाले
दिवाकर चापागाई
प्रमुख प्रशासकीय अधिकृत